नीलकण्ठ नगरपालिकाको दशौं नगरसभामा

नगरप्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूद्वारा प्रस्तुत

# नीति कार्यक्रमको समीक्षा तथा कार्यकालको महत्वपूर्ण उपलब्धीहरूको प्रतिवेदन

२०७८ चैत्र ४ गते शुक्रवार

**धादिङवेशी, धादिङ**

यस नगरपालिकाको गरिमामय दशौं नगरसभामा उपस्थित नगरपालिकाका उपप्रमुख ज्यू, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी मित्रहरू, कार्यपालिकाका सल्लाहकार, पत्रकार वर्ग, दाता संस्थाका प्रतिनिधिहरू, उपस्थित सम्पूर्ण महानुभावहरू र यो कार्यक्रमलाई विभिन्न सञ्चारमाध्यमबाट प्रत्यक्षरुपमा हेरिरहनुभएका तथा सुनिरहनु भएका नगरवासी दाजुभाइदिदिबहिनीहरू ।

१. देशमा सङ्घीय शासनव्यवस्थाको स्थापना पश्चात यस नगरपालिकाको पहिलो निर्वाचित सरकारको रुपमा २०७४ साल जेठ ७ गते शपथग्रहण गरी पदभार ग्रहण गरेको ४ बर्ष १० महिनाको यो अवधिमा ९ वटा नगरसभा सम्पन्न गरी विभिन्न नमूना अभ्यास, विकास निर्माणको सकारात्मक प्रयास, चूनौतीपूर्ण आरोह अवरोह पार गर्दै आज हामी दशौं नगरसभासम्म आइपुगेका छौं । यस अवधिमा हामीलाई साथ, सहयोग गर्ने सवैमा आभार एवम् धन्यवाद व्यक्त गर्न चाहन्छु । साथै, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था समेत देशमा प्रजातान्त्रिक शासन प्रणाली स्थापना गर्न बलिदानीपूर्ण योगदान गर्ने सवै ज्ञात अज्ञात वीर शहिदहरूमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

**नगरसभाका सदस्यज्यूहरू**

२. नेपालको शासकीय पुनर्संरचना पछि भएको स्थानीय तहको पहिलो निर्वाचनका बेला हामीले घोषणपत्र मार्फत् गरेका प्रतिबद्धता र पहिलो नगरसभामा ५ बर्षे लक्ष्यका साथ प्रस्तुत गरेको नीति तथा कार्यक्रमको उत्तरार्द्ध समीक्षा गर्ने क्षणमा हामी आइसकेका छौं । हाम्रा घोषित नीति तथा कार्यक्रमहरूलाई विशेष प्राथमिकता दिई हाम्रै कार्यकालमा पूरा गर्ने लक्ष्य प्राप्तिको नजिक हामी उभिएकाछौं । हामीले शुरुवात गरेको बृहत्तर योजनाहरू अधिकांश रुपमा पूरा हुने अवस्थामा रहेका छन् ।

३. नगरपालिकाको १० बर्षे एकीकृत शहरी विकास योजनाले निर्दिष्ट गरेको यात्रामा हाम्रा बार्षिक नीति तथा कार्यक्रम केन्द्रित भएका छन् भने यस अवधिमा धेरै आयोजना तथा कार्यक्रम सम्पन्न भैसकेका छन् । नगरबासीको अधिकतम् अपेक्षा र सीमित साधन श्रोतका बाबजुत नीलकण्ठ नगरपालिका विभिन्न सूचकहरूमा देशभरमा प्रथम भै पटक पटक राष्ट्रिय मानचित्रमा उत्कृष्ट नगरपालिकाको रुपमा

स्थापित हुँदा हामी सवै नगरबासी गौरवान्वित हुन पाएकाछौं । हाम्रो नगरपालिकाले राष्ट्रिय मानचित्रमा हासिल गरेको यो बृहङ्गम उपलब्धीको लागि म तपाईंहरू सबै नगरसभाका सदस्यज्यूहरूलाई धन्यवाद व्यक्त गर्न चाहन्छु ।

४. नगरबासीले जुन विश्वासका साथ प्रथम जनप्रतिनिधिका रुपमा हामीलाई काम गर्ने जिम्मेवारी र अवसर दिएका थिए, त्यसलाई हामीले इमान्दारीताका साथ पूरा गर्ने सकारात्मक प्रयास गरी हाम्रो कर्तब्य निर्वाह गरेकाछौं ।

५. राज्य पुनर्संरचना पछिको पहिलो कार्यकाल भएकाले काम, कर्तब्य निर्बाहमा नयाँ अनुभव, विभिन्न कानूनी रिक्तता तथा ब्यवहारिक कठिनाई र समन्वयको सीमा हुँदाहुँदै हामीले १० बर्षे एकीकृत नगर विकास योजनाले तय गरेको ५ बर्षे मध्यकालीन प्रगतिको लक्ष्य लगभग हासिल गरेकाछौं । हाम्रो कामको नतिजा कतिपय तत्कालै नगरबासीले अनुभव गर्नेगरी देखिएको छ भने कतिपय संस्थागत दीगोपनका विषय आगामी कार्यकाल र जनप्रतिनिधिका लागि विकास निर्माण र सेवाप्रवाहको आधारस्तम्भ बन्नेछ भन्ने विश्वास लिएकोछु ।

६. सङ्घीय सरकार र प्रदेश सरकारले संविधान प्रदत्त अधिकारका रुपमा नगरपालिकालाई बाँडफाँड गरी पठाउनुपर्ने बजेट सीमित हुँदाहुँदै नियमित बजेट भन्दा धेरै गुणा बढी बजेट हामीले विभिन्न निकाय, दातृ संस्था तथा सहयोगी साझेदारहरूबाट प्राप्त गरी नगर विकासमा लगानी गरेकाछौं । शहरी विकास, सडक, खानेपानी, विपद् व्यवस्थापन, स्वास्थ्य तथा संस्थागत विकासका क्षेत्रमा नगरपालिकाको नियमित बजेट भन्दा धेरै बढी बजेट हामीले अन्यश्रोत बाट जुटाएर काम गरेका छौं, जुन हाम्रो क्षमता र सफलताको गौरवशाली नमूना बनेकोछ भने आगामी कार्यकालका जनप्रतिनीधिका लागि निरन्तरताको चूनौतिको रुपमा प्रस्तुत भएकोछ ।

**नगरसभा सदस्यज्यूहरू !**

७. शपथग्रहण गरेको दिन हाम्रो टिमले प्रतिबद्धता गरेको तिर्खामुक्त नगर घोषणाको उत्तरार्धमा हामी आइपुगेका छौं । हाम्रो कार्यकालको यो ५ बर्षको अवधिमा नीलकण्ठ नगर तिर्खामुक्त हुनेगरी हामीले गरेको कामले खानेपानीको क्षेत्रमा निक्कै ठूलो प्रगति हामीले हासिल गरेकाछौं ।

८. सर्भिस फर पिस कोरियासँगको साझेदारीमा नगरका विभिन्न वडामा ६ बटा बृहत खानेपानी आयोजनाहरू पूरा हुने चरणमा रहेकाछन् भने धादिङवेशी बृहत खानेपानी आयोजनाको लागि ४६ करोड बजेट स्वीकृत भै कार्य प्रारम्भका लागि टेण्डर भैसकेकोछ । दोश्रो चरणमा नगरपालिकाका सवै वडाका हरेक घरमा धारा पुग्ने गरी सर्भिस फर पीस कोरिया संगै प्रारम्भिक सम्झौता भै सवै वडाबाट माग संकलन भैरहेकोछ ।

९. हाम्रो कार्यकालको अन्तिम चरणमा बाह्रै महिना चल्नेगरी नगरका १४ वटै वडा कार्यालयहरूसम्म पुग्ने मोटरबाटोको स्तरोन्नती लगभग पूरा भएकोछ । यसैबीचमा ९५ किलोमिटर लम्बाईको नगर चक्रपथको सम्पूर्ण ट्र्याक निर्माण कार्य पूरा भै ४ किलोमिटर कालोपत्रे समेत भएकोछ भने चक्रपथको पूरा परिक्रमा गर्न सक्नेगरी यातायात सञ्चालन हुनसक्ने भएकोछ ।

१०. नगर क्षेत्रमा रहेका ४ वटा महत्वपूर्ण सडकहरू हाम्रै कार्यकालमा पक्की संरचना तथा कालोपत्रे सहित स्तरोन्नती भएकाले नगरक्षेत्रको सडक सञ्जालीकरणमा निक्कै सहजता थपिएकोछ । धादिङवेशी बजारमा गुणस्तरीय अक्सफाल्ड कालोपत्रे सहित हाम्रो कार्यकालमा झण्डै ५० किलोमिटर मोटरबाटो कालोपत्रे सहित गुणस्तरबृद्धि भएकोछ । धादिङवेशी बजारको सडकपेटी हाम्रो नमुना विकास योजनाको रुपमा स्थापित हुँदै हाम्रै प्रयासमा धादिङवेशी बजार मोफसलका सदरमुकामहरूमा सुन्दर र सफा बजारको रुपमा परिचित हुँदै गएकोछ ।

११. धादिङवेशी बजार क्षेत्रको चक्रपथको रुपमा समेत विकास हुनेगरी थोपल र अरुण खोला करिडोर सडक हालसम्म करीब १ किलोमिटर पक्की संरचनाका साथ निर्माण भैसकेकोछ भने हरेक बर्ष निरन्तर योजनाको रुपमा अघि बढिरहेकोछ । बजार क्षेत्रमा हाल ३ वटा सार्वजनिक शौचालय निर्माण भैसकेका छन् भने थप ५ वटा सार्वजनिक शौचालय निर्माण सम्पन्न हुने क्रममा रहेकाछन् ।

१२. हाम्रै कार्यकालमा नगरक्षेत्रमा थपिएका ४ वटा पक्की पूल, नगरपालिकाकै लगानीमा निर्माण भएका १ पक्की पूल र ४ वटा फड्के पूल एवं २ वटा झोलुंगे पुलले यातायात एवं आवतजावत सञ्जालीकरणमा महत्वपूर्ण सहयोग पुगेकोछ । नीलकण्ठ नगरपालिकाले प्रस्तुत गरेको एकीकृत फोहोरमैला व्यवस्थापन कार्ययोजना उत्कृष्ठ भै देशभर मोडल योजनाको रुपमा GIZ मार्फत् सिफारिस भएकोछ । तथापी हाम्रो ध्यान र यथेष्ट बजेट विनियोजन हुँदाहुँदै नगर क्षेत्रमा ल्याण्डफिल्ड साइट निर्माण तथा

व्यवस्थापन गर्न कठिनाई भैरहेको अवस्थामा मौजुदा स्थललाई नै व्यवस्थित गर्ने काम अघि बढिरहेकोछ ।

१३. नगरक्षेत्रको मौजुदा फोहोरमैला व्यवस्थापन स्थललाई व्यवस्थित गर्नको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न लागिएकोछ । विस्तृत परियोजना प्रतिवेदनको आधारमा चालू आर्थिक वर्षबाटै फोहोरमैला व्यवस्थापन केन्द्रको निर्माण कार्य प्रारम्भ हुनेछ ।

१४. नगरपालिका अन्तर्गतका सबै सञ्चारका माध्यमहरूसँग सहकार्य गरी नगरवासीहरूको सुसुचित हुनपाउने अधिकारको संरक्षण तथा प्रवर्धन गरिएकोछ । नगरक्षेत्रभित्रका ती सञ्चारका माध्यमहरूसँगको सहकार्यमा विभिन्न कार्यक्रमहरूको उत्पादन तथा प्रशारण गरिएकोछ ।

१५. नगरपालिकामा सुशासन कायम गर्न हामीले गरेको प्रयास देशमै उत्कृष्ठ घोषित भै उदाहरणीय बनेकोछ । देशभरमा पहिलोपटक निर्माण भएको मेरो नीलकण्ठ मोबाइल एप्सलाई उदाहरणीय मान्दै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोही मानकमा देशभरका स्थानीय तहमा एउटै प्रकारका मोबाइल एप्स सञ्चालन गरिरहेकोछ । हाम्रो अभ्यास र नमूना देशभरमा लागू हुनु हाम्रोलागि खुशीको विषय हो । यस्ता उदाहरणीय कार्यहरू धेरै भएकाछन् ।

१६. स्थानीय सरकार सञ्चालनमा सुशासन स्थापना गर्ने हाम्रो पहिलो प्राथमिकता हो । सवै वडा कार्यालयहरूको आफ्नै भवनको लक्ष्य पूरा गर्न अधिकांश वडा कार्यालय भवनहरू निर्माण सम्पन्न भैसकेकाछन् भने केही निर्माणाधीन अवस्थामा रहेकाछन् । स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) परीक्षणमा लगातार नीलकण्ठ नगरपालिका देशभरमा उत्कृष्ठ हुनुले पनि हाम्रो सुशासन र संस्थागत क्षमता अब्बल प्रमाणित भएकोछ ।

१७. भुकम्पले क्षतिग्रस्त नगरका विद्यालयहरूको पुनर्निर्माण ९५ प्रतिशत भन्दा बढि पक्की भवनका साथ पूरा भैसकेको छ । माध्यमिक शिक्षासम्मको सम्पूर्ण व्यवस्थापन र नियमनको दायित्व निर्वाह गर्दै विद्यालय सुधार, शैक्षिक गुणस्तर तथा जनशक्ति विकासका लागि हाम्रो घोषित नीति र कार्ययोजना अनुसार हामी अघि बढेकाछौं ।

१८. न्यून शिक्षक भएका विद्यालयमा नगर शिक्षा अनुदानको व्यवस्था, शिक्षकहरूलाई प्रविधिमैत्री बनाउन ल्यापटपमा साझेदारी सहयोग, स्मार्ट कक्षाकोठा निर्माण, वाल कक्षाकोठा (ECD) स्तरबृद्धि, सहायक कर्मचारी तथा बाल विकास सहयोगी कार्यकर्ताको मासिक सेवा सुविधामा थप प्रोत्साहन, शिक्षण सिकाई अनुभवका लागि प्रधानाध्यापकहरूको नियमित अध्ययन भ्रमण शिक्षा क्षेत्रमा हामीले हासिल गरेका विकास तथा असल अभ्यासका उदाहरण हुन् ।

१९. नगर शिक्षा योजना निर्माण गरी सशर्त अनुदान बाहेक शिक्षा क्षेत्रमा विशेष लगानी गर्ने नगरपालिकाको रुपमा हाम्रो नगरपालिकाले नमूना शुरुवात गरेकोछ ।

२०. नगरका हरेक वडामा स्वास्थ्य सेवा पुर्याउने हाम्रो प्रतिबद्धता अनुसार साविक १० वटा स्वास्थ्य संस्थाहरू रहेकोमा ७ वटा संस्था थप स्थापना गरी सवै वडाहरूमा स्वास्थ्य सेवा सुचारु भैरहेकोछ । सङ्घीय सरकारको घोषित नीति अनुसार अत्यावश्यक औषधी निःशुल्क उपलब्ध गराउन हरेक बर्ष यथेष्ट बजेट विनियोजन गरी नगरका सवै वडाका स्वास्थ्य संस्थामार्फत् निःशुल्क औषधी वितरण सहित आधारभुत स्वास्थ्य उपचार सेवा सञ्चालन भैरहेकाछन् ।

२१. स्वास्थ्य संस्थामा सुत्केरी गराउने कार्यलाई थप प्रभावकारी बनाउन हरेक सुत्केरी महिला लाई एम्बुलेन्स निःशुल्क हुनेगरी भाडा रकम उपलब्ध गराइएकोछ । नगर केन्द्रमा धादिङ अस्पताल परिसर भित्र आवश्यक स्वास्थ्यकर्मी सहित व्यवस्थित मातृ शिशु स्वास्थ्य सेवाका लागि MCH क्लिनिक सञ्चालन गरिएकोछ भने विभिन्न वडामा ११ वटा बर्थिङ सेन्टरहरू र ४ वडा स्वास्थ्य प्रयोगशाला सञ्चालन भैरहेकाछन् ।

२२. कडा तथा दीर्घरोग लागेका विरामीहरूलाई निःशुल्क उपचार सिफारिश सहित यातायात खर्च रु. ५ हजार उपलब्ध गराउने गरिएकोछ भने विपन्न नगरबासीको उपचारका लागि २५ हजारसम्म उपचार खर्च उपलब्ध गराइएकोछ । स्वास्थ्य सचेतनाका संवाहक महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई मासिक प्रोत्साहन खर्च एक हजार रुपैयाँ, सञ्चार खर्च र विदाईमा नगद ५० हजार रुपैयाँ सहित सम्मान गर्ने अभ्यास भैरहेकोछ । ७० वर्ष कटेका जेष्ठ नागरिकलाई विशेष उपचार सेवा कार्यक्रम विगत बर्ष देखि सञ्चालन भैरहरेकोछ ।

२३. धादिङ जिल्ला सदरमुकाममा रहेको नगरपालिका भएकोले कोभिड महामारीका बेला नगरबासी सहित जिल्लाका विभिन्न पालिकाहरूका नागरिकलाई

नगरपालिकाबाट निःशुल्क उद्धार, क्वारेन्टाइन तथा आइशोलेसन वार्डको व्यवस्था गरी सहयोग गरिएकोछ । कोभिडका कारण दैनिक रोजगारी गुमाएका करिब ४ हजार ५ सय विपन्न नागरिकलाई निःशुल्क खाद्यान्न वितरण गरिएकोछ भने २०० जना साना उद्यमी तथा ब्यवसायीहरूलाई जनही ३२ हजारका दरले नगर सहयोग गरिएकोछ ।

२४. जिल्ला विपद् व्यवस्थापन समितिको अनुरोधमा जिल्ला अस्पतालबाट निर्मित आइशोलेसनमा नगरपालिकाको तर्फबाट अक्सिजन जेनेरेटर प्लान्ट स्थापना गरी कोभिड प्रतिकार्यमा विशेष सहयोग गरिएकोछ । हालसम्म ८३ प्रतिशत नगरबासीले कोभिड विरुद्धको दुवै डोज भ्याक्सिन लगाइसकेका छन् भने ९० प्रतिशतले पहिलो डोज खोप लगाएकाछन् ।

**<u>नगरसभाका सदस्यज्यूहरू,</u>**

२५. ५ वर्षे उद्यम विकास रणनीतिक योजनाले निर्दिष्ट गरेको उद्यम उद्देश्य पूरा गर्न मेयर उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरी उद्यमी उत्पादन र सहुलियतपूर्ण ऋण प्रवाह गर्ने कार्य अघि बढिरहेकोछ । विस्तृत परियोजना प्रस्ताव अनुसार १४ करोड रुपैयाँ क्रमागत रुपमा लगानी गर्ने गरी नीलकण्ठ नगर औद्योगिक ग्रामको स्थापना तथा निर्माण शुरु हुनु हाम्रो कार्यकालको एउटा महत्वपूर्ण थालनी हो ।

२६. साना तथा मझौला उद्यमीहरूका लागि औद्योगिक ग्राम एउटा महत्वपूर्ण अवसर हुनेछ भने नगर विकासको बलियो सूचक हुने विश्वास लिएकोछु । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरक्षेत्रमा झण्डै २ हजार बेरोजगारहरू सूचिकृत भै श्रममा आधारित विभिन्न परियोजनाहरू सञ्चालन हुँदा सहभागितामूलक विकास निर्माणसँग रोजगार प्रवर्द्धन समेत भैरहेकोछ ।

२७. श्रम तथा रोजगार मन्त्रालयले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहहरू मध्येमा नीलकण्ठ नगरपालिकालाई उत्कृष्ठ स्थानीय तहको रुपमा घोषणा समेत गरेकोछ । नीलकण्ठ नगरपालिकामा श्रोत केन्द्र रहनेगरी सञ्चालन भैरहेको सुरक्षित आप्रवासन परियोजना सामी कार्यक्रम सञ्चालनको हाम्रो मोडल प्रभावकारी ठहर गरी हाल देशका ३९ जिल्लामा नीलकण्ठ मोडल लागू गरिनु हाम्रा लागि खुशीको विषय हो ।

२८. आर्थिक विकासको महत्वपूर्ण साझेदारका रुपमा उद्योग वाणिज्य संघ, नगर क्षेत्रमा क्रियाशिल सहकारीहरूसँग सहकार्य गरी विभिन्न कार्यक्रम तथा उनीहरूको मागका आधारमा साझेदारीका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । गरीवी निवारणका लागि लघूउद्यम विकास कार्यक्रम (मेडपा) मार्फत् नगरका विभिन्न वडामा लघू उद्यमी सृजना भै स्वरोजगार प्रवर्द्धन भएकोछ ।

२९. कृषि, भेटेरिनरी र आर्थिक विकास शाखा मार्फत् व्यवसाय प्रवर्द्धन तथा कृषिमा आधारित उद्यमशीलता विकासका लागि वीउविजन तथा कृषि उपकरणमा अनुदान कार्यक्रमलाई निरन्तर अघि बढाइएकोछ । नगरपालिकाकै सहयोगमा हाल कम्तिमा एक सय वटा कृषिमा आधारित उद्यम सञ्चालनमा रहेका छन् भने उद्यमशीलताका लागि सहुलियत ऋणको कार्यक्रम निरन्तर हुनेगरी ब्याज अनुदान कोष स्थापना गरिएकोछ ।

३०. एक वडा एक उत्पादनको घोषित नीति पूरा गर्नेगरी व्यावसायिक कृषि र उत्पादनमूलक क्षेत्रमा हामीले लगानी गरिरहेका छौं । एकीकृत कृषि विकास अवधारणालाई सार्थक बनाउन कृषि रणनीतिक योजना निर्माण गरी नगरलाई आत्मनिर्भर र ब्यवसायीक कृषि पकेट क्षेत्रको रुपमा विकास गर्न आवश्यक पूर्वाधारहरू तयार गरिएका छन् ।

३१. नगरको भूगोल र माटो सुहाउँदो खेती प्रवर्द्धन गर्न माटो परीक्षण प्रयोगशाला स्थापना गरिएकोछ, जसबाट माटो सुहाउँदो बाली प्रवर्द्धनमा कृषकहरूलाई प्रत्यक्ष लाभ पुगेकोछ । पशुपालन तथा पशुपंक्षी विकास, बाख्रापालन, लोकल कुखुरा प्रवर्द्धन, सुत्केरी भैंसी भत्ता कार्यक्रम तथा पशुपालनमा लागत साझेदारी कार्यक्रमलाई नगरपालिकाको नियमित कार्यक्रमको रुपमा प्रभावकारी बनाउने प्रयास गरिएकोछ ।

३२. पशु क्षतीबाट हुने जोखिम कम गर्न पशु वीमा कार्यक्रम मार्फत् ९० प्रतिशत अनुदान सहायता कार्यक्रम, वीउ विजन तथा कृषि प्रविधिमा ५० प्रतिशत अनुदान हामीले गरेका कृषि तथा पशुपालन क्षेत्रको असल अभ्यासको उदाहरण बनेकोछ । विशेष गरी कृषि तथा पशुपालन क्षेत्रमा मागमा आधारित ज्ञान र उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निर्देशक नीतिका रुपमा अंगिकर गरिएकोछ ।

३३. युवा तथा खेलकूद क्षेत्र नगरपालिकाले विशेष प्राथमिकताका साथ सहयोग र प्रवर्द्धन गरेको क्षेत्रको रुपमा रहेकोछ । नगरपालिकको झण्डै १ करोड लगानीमा

धादिङवेशीमा स्थापना भएको ब्याडमिन्टन कभर्डहल र मेयर कप राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताले यस खेलप्रतिको रुचि र आन्तरिक पर्यटन प्रवर्द्धन दुवैमा महत्वपूर्ण टेवा मिलेकोछ । क्रिकेट, तेक्वान्दो, बक्सिङ, फुटबल, भलिवल, एथ्लेटिक्स तथा लोक खेलको संरक्षण र प्रवर्द्धनमा समेत नीलकण्ठ नगरपालिकाले विशेष सहयोग र प्रवर्द्धन गरेका कारण खेल क्षेत्रमा नगरपालिकाको तर्फबाट खेलाडीहरूले विभिन्न राष्ट्रिय प्रतियोगिताहरूमा उत्कृष्ठ स्थान हासिल गरेकाछन् ।

३४. एक वडा एक खेल मैदानको नीति अनुसार विभिन्न वडा तथा विद्यालयहरूमा खेलमैदानहरू निर्माण गरिएका छन् । राष्ट्रपति रनिङ शिल्ड लाई नगरको तर्फबाट समेत नगरस्तरीय बृहत् खेलकूद प्रतियोगिताको रुपमा प्रवर्द्धन गरी विभिन्न खेल विधामा प्रतियोगिताहरू आयोजना गरिएकोछ ।

३५. नीलकण्ठ नगरपालिकाले लैंगिक तथा सामाजिक समावेशीकरणको क्षेत्रमा प्राथमिकताका साथ काम गरेकोछ । बजेट निर्माणमा लैंगिक उत्तरदायी तथा समावेशीकरणलाई विशेष ध्यान दिइएकोछ । जेष्ठ नागरिक, अपांगता, एकल महिला, दलित, आदिवासी तथा पिछडिएका समुदायलाई सशक्तिकरणको मूल प्रवाहमा ल्याउने तथा खास सहयोग हुनेगरी विभिन्न कार्यक्रमहरू हामीले हाम्रो कार्यकालमा सञ्चालन गरेकाछौं ।

३६. दलित छात्रवास, विन्दुकेशरा बृद्धाश्रम, जेष्ठ नागरिक विश्राम केन्द्र, बहिरा तथा बौद्धिक अपाङ्गता अध्ययन गर्ने विद्यालयमा आवश्यक पूर्वाधार निर्माण तथा अन्य सहयोग, आमाको माया छात्रावास सहयोग तथा बालमैत्री शासन र बालविवाह अन्त्यका लागि विभिन्न कार्यक्रम प्राथमिकताका साथ सञ्चालन भएकाछन् । दलित तथा विपन्न बर्गका विद्यार्थीहरूका लागि छात्रबृत्ति कोष स्थापना गरी छात्रबृत्ति दिने कार्य निरन्तर गर्ने अभ्यास स्थापित गरिएकोछ ।

३७. नगरबासी विपन्न परिवारलाई विभिन्न धर्म संस्कृति अनुसार अन्तिम संस्कार गर्न सहयोग गर्ने उद्देश्यले रु. १० हजारका दरले अन्तिम संस्कार खर्च सहयोग गरिएकोछ, जुन हाम्रो कार्यकालको असल सामाजिक सहायता कार्यक्रमको रुपमा स्थापित भएकोछ ।

३८. वातावरण संरक्षण तथा विपत् व्यवस्थापन क्षेत्रमा नीलकण्ठ नगरपालिकाले गरेको अभ्यास देशभरमा उदाहरणीय भै पुरस्कृत समेत भएकोछ । कुनैपनि विपद्मा तत्काल प्रतिकार्य तथा सहायताका लागि विपद् व्यवस्थापन कोष र आपतकालिन

सहायता केन्द्र स्थापना गरी हामीले संस्थागत सम्बोधनको असल अभ्यास स्थापित गरेकाछौं । विपद्का कारण सरकारी तथा सामुदायिक सम्पत्ति क्षति हुँदा आवश्यक बजेट विनियोज गरेर तथा निजी घर पूर्ण क्षतीमा रु ४० हजार, मध्यम क्षतिमा २५ हजार र सामान्य क्षतिमा ७ हजार दिने नीतिगत व्यवस्था अनुसार बाढीपहिरो तथा आगलागी जस्ता विपद्बाट पीडित नगरबासीलाई निरन्तर सहयोग गरिएकोछ ।

३९. नगर क्षेत्रमा विपद् प्रतिकार्य योजना, जोखिम संवेदनशील भूउपयोग योजना, भवन तथा शहरी विकास मापदण्ड निर्माण तथा खुल्ला क्षेत्रको पहिचान नक्सांकन, विपद् उद्धारका लागि उद्धार स्वयंसेवक समूह तयार गरी सञ्चार रेडियो सेट तथा सूचना प्रविधिमा आधारित विपद् व्यवस्थापन प्रणाली स्थापना गरी नीलकण्ठ नगरपालिकाले नमूना अभ्यास स्थापित गरेकोछ ।

४०. नगरपालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न राजनीतिक दल, नागरिक समाज, संघसंस्था, उद्योग वाणिज्य संघ, जातिय तथा धार्मिक संघसंस्था, टोल विकास संस्था, टोल विकास महासमिति, र सहकारी तथा कृषक तथा आमा समूहसँग साझेदारी गरी सहकार्यका विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गरी साझेदारी विकासको अभ्यासलाई हामीले स्थापित गर्ने प्रयास गरेकाछौं ।

४१. लैंगिक तथा सामाजिक समावेशीकरण नीति, लैंगिक समावेशी कार्यक्रम, विभिन्न जातजाति, धर्म परम्परामा विश्वास राख्ने नगरबासीहरूको आत्मसम्मान बृद्धि गर्न नगरपालिकाले संस्कृति प्रवर्द्धन तथा धार्मीक स्वतन्त्रताको मान्यता अनुसार सवै धर्महरूलाई समान महत्व र सहायता दिएकोछ ।

४२. हिन्दू, बौद्धमार्गी, इसाई र मुस्लिम समुदायको बसोबास रहेको नीलकण्ठ नगरपालिकामा धार्मिक रीतिअनुसार मागभएको योजनामा निरन्तर सहयोग भएकोछ भने उपसम्प्रदाय विशेष ओमशान्ति, आत्मज्ञान, पतञ्जली, शाहीभक्त र प्रणामी समुदायको माग र अनुरोधमा समेत विविध योजना र कार्यक्रम सहयोग गरिएकोछ ।

**<u>नगरसभाका सदस्यज्यूहरू</u>**

४३. स्थानीय निकायको लामो समयको जनप्रतिनिधिको रिक्ततापछि बनेको स्थानीय तह भएकाले हाम्रा सामु महात्वकांक्षी जनअपेक्षाहरू थिए । तसर्थ अपेक्षाकृत

आवश्यकता सम्बोधन गर्न धेरै चुनौति भएपनि हामीले त्यसको समुचित सम्बोधन शुत्रवद्ध रुपमा गर्दै अघि बढेका छौं ।

४४. पूर्वाधार विकासका क्षेत्रमा भएको अत्यधिक योजना तथा कार्यक्रम मागको चाप सम्बोधन गर्दा हाम्रो धेरै लगानी पूर्वाधारजन्य योजनाहरूमै भएका छन् । तथापि नागरिक सेवाको क्षेत्रमा पनि हामीले सक्दो प्रयास गरिरहेकाछौं । पूर्वाधारमा गुणस्तरीयता, सेवामा इमान्दारीता र शासनमा पारदर्शिताको नीति अंगिकार गर्दै हामीले गरेको सन्तुलित विकास र लगानीको प्रयासबाट नै तुलनात्मक रुपमा अन्य स्थानीय तहहरूभन्दा हाम्रा सूचकहरू उत्कृष्ट देखिएकाछन् ।

४५. सूचना प्रविधिमैत्री वातावरणमा विद्युतीय सुशासन प्रवर्द्धन गर्न नगर कार्यपालिका कार्यालय, वडा कार्यालयहरू, विषयगत कार्यालयहरू तथा विद्यालयहरूलाई प्रविधि सञ्जालमा जोडी छरितो र प्रभावकारी सेवा प्रवाह गर्न नगरपालिकाको प्रस्तावमा हालै मात्र सङ्घीय सरकारबाट विनियोजन हुने एवम् वागमती प्रदेश सरकारबाट व्यवस्थापन गरिने नीलकण्ठ नगरको वृहत्तर सूचना प्रविधिमैत्री विद्यूतीय सुशासन परियोजनाको प्रथम चरणको प्रस्तावको स्वीकृति भएकोछ ।

४६. अबको नीलकण्ठ नगरपालिका डिजिटल नगरपालिका हुनेछ । सेवा प्रवाहका सबै कामकारवाही जनताको घरदैलोमानै पुग्नेगरी सम्पादन गर्ने परियोजनाको थालनी भएकोछ । अबको एकवर्षको समयावधीमा डिजिटल नीलकण्ठ नगर बन्नेछ । सम्पत्तिकर बुझाउन नगर कार्यपालिकाको कार्यालयमा आउनुपर्ने झन्झटको अन्त्य, घर घरबाट आफ्नै मोबाइलबाट नगरपालिकाको सेवा लिन सकिने, सबैजसो सेवाप्रवाह वडा कार्यालयबाटै गरिने समेतका अत्याधुनिक सूचना प्रविधिको प्रयोग गरी नगरवासीलाई सेवाप्रवाह गर्न लागिएको छ । यस कार्यमा तपाई सबै नगरसभाका सदस्यज्यूहरू समेत आम नगरवासी दाजुभाई दिदिवहिनीहरूको सकारात्मक सहयोगको नगरपालिका अपेक्षा गरेकोछ ।

४७. यस्तै नविनतम् प्रयास हामीले यस अघिका क्रियाकलापमा पनि समेटेका छौं । बजार क्षेत्रमा सुरक्षा निगरानीका लागि सिसि क्यामेरा, सडक बत्ती तथा अप्टिकल फाइबर नेटवर्क निर्माण जस्ता काम सम्पन्न भैसकेकाछन् । नीलकण्ठ नगरपालिकाको शहरी विकासका लागि मेट्रिक ठेगाना प्रणालीको सर्वेक्षण, हरियाली प्रवर्द्धन कार्यक्रम, निःशुल्क वाइफाई हब को स्थापना नवीनतम प्रयोगका कार्यक्रमका रुपमा हामीले सम्पन्न गरेकाछौं ।

४८. साथै नवप्रवर्तनात्मक प्रस्तावमा आधारित योजनालाई सहयोग, नगर क्षेत्रका काठे पोलहरूलाई विस्तापित गरी स्टिल पोल राख्ने कार्य, पर्यटन प्रवर्द्धनका लागि घरबास कार्यक्रम, भैरवी पर्यटन क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तथा पुनर्निमाणमा लगानी, हाम्रो विशेष महत्व राख्ने क्षेत्रमा गरिएका प्राथमिकतायुक्त लगानीका उदाहरण हुन् । खाल्टे, जुरेथुम, विपी गाउँजस्ता क्षेत्रमा होमस्टे सञ्चालन नगरपालिकाको महत्वपूर्ण सम्भाब्य पर्यटन गतिविधिका रुपमा देखिएकाछन् ।

४९. भैरवीथान र नीलकण्ठेश्वर महादेवको मुर्ति सहितको नमूना पार्क हाम्रो नगरको आकर्षक पर्यटन गन्तब्यका रुपमा निर्माण भैरहेकोछ । चमेरे गुफा, पौवा दरबार, रामकोट दरबार, हिमालयन वाल ट्रेल जस्ता आकर्षक पर्यटकीय महत्वका पूर्वाधार निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार भै निर्माणको श्रोत खोजिकार्य भैरहेकोछ ।

५०. हाम्रो सपथग्रहण लगत्तैदेखि विभिन्न सरोकारवालाहरू सँगको परामर्श र सहकार्यमा निर्माण गरिएको एकीकृत शहरी विकास योजनाले तय गरेको मूल लक्ष्य समृद्ध नीलकण्ठ नगरको आधारः कृषि, पर्यटन, उद्यमशीलता सहितको पूर्वाधारलाई साकार पार्न हाम्रो कार्यकालको विशेष सामर्थ्य हामीले प्रयोग गरेकाछौं ।

५१. नीलकण्ठ नगरपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाह प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सो अनुसारका विषयगत शाखा स्थापना गरिएकाछन् । नगर कार्यपालिकाको कार्यालय, विषयगत समितिहरू, विषयगत शाखाहरू, विभिन्न नगरस्तरीय समितिहरू र नगर प्रहरीबाट नगरको समग्र प्रशासन र सेवा प्रवाहमा प्रभावकारी नतिजा प्राप्त भएकाछन् ।

५२. स्थानीय सरकार सञ्चालनका लागि आवश्यक ऐन, कानून, कार्यविधि, निर्देशिका र मापदण्ड निर्माणमा पनि हामी परिपक्व रुपमा प्रस्तुत भएका छौं । हाल सम्म हामीले २४ वटा ऐन, २ वटा नियमावली, २ वटा नीति, २० वटा कार्यविधि र ४ वटा निर्देशिका गरी कूल ५७ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएकाछौं । यी कानूनी प्रावधानहरूले अव निर्वाचित भएर आउने नगरपालिकाको नेतृत्वलाई पहिलो कार्यदिनबाटै कार्यसम्पादनमा बलियो आधार सिर्जना गर्नेछ ।

५३. नगरपालिकाको संस्थागत क्षमता विकास योजना सहित गरिएका प्रशिक्षण, सर्वेक्षण र अनुसन्धानात्मक कार्य र आवश्यक कानूनी व्यवस्था सहज रहेकालेनै हामीले विभिन्न विधामा उत्कृष्ठ नतिजा हासिल गर्न सकेकाछौं । देशका अन्य राम्रा काम

गर्ने स्थानीय तहसँगको सिकाई आदान प्रदानसंगै अन्तराष्ट्रिय स्तरमा समेत असल अभ्यासको अध्ययन अवलोकन गरी नगरपालिकामा असल अभ्यासको आदाप्रदान गर्ने प्रयास समेत हामीले गरेका छौं ।

५४. यसैबीच जापानको युशोहारा नगरपालिकासँग शिक्षा, पूर्वाधार, कृषि, सांस्कृतिक आदान प्रदान तथा पर्यटन र प्रविधिको क्षेत्रमा सहकार्य गर्नेगरी भएको समझदारी हाम्रो अन्तराष्ट्रिय सिकाई आदान प्रदान अभियानमा कोषे ढुंगाको रुपमा स्थापित भएकोछ ।

**<u>नगरसभाका सदस्यज्यूहरू !</u>**

५५. हाम्रो कार्यकालको यो ५ बर्षको अवधिमा भएको चूनौति र राम्रा कामको समीक्षा हाम्रो स्वमुल्यांकनको आधार ठानी तपाईहरूका माझ प्रस्तुत गरेकोछु । यस बिचमा भएका राम्रा कामबाट उत्साहित हुँदै कमी कमजोरीलाई इमान्दारीताका साथ सच्याउन हामी प्रतिबद्ध हुनैपर्छ । म सहित सबै नगरसभा सदस्यहरूलाई आफ्ना कमिकमजोरीको आत्मालोचना गरी आगामी जनप्रतिनिधि र नगरपालिका टिमलाई सन्देशमूलक सकारात्मक प्रभाव छोड्नेगरी भूमिका निर्बाह गर्न अनुरोध गर्दछु ।

५६. हाम्रो कार्यकालमा जनशक्ति बिकास, नागरिक बृत्तिविकास, उद्यमशीलता बिकास, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा विशेष लगानी सहित शहरी योजनाले निर्दिष्ट नारालाई सार्थक बनाउने गरी विशेष नीति तथा कार्यक्रममा केन्द्रित रहेर हामीले नीलकण्ठ नगरपालिकाको विकास र समृद्धिको प्रयास गरेकाछौं । यस दशौं तथा हाम्रो कार्यकालको अन्तिम नगरसभामा यस अघिका नगरसभामा घोषित भएका नीति तथा कार्यक्रमहरूको समीक्षा गर्दै पूरा गर्न बाँकी घोषित नीति तथा कार्यक्रम र थप अधुरा योजना र कार्यक्रम आगामी नयाँ जनप्रतिनिधिको समूहले पूरा गर्ने विश्वास ब्यक्त गर्न चाहन्छु ।

**<u>यस नगरसभामा उपस्थित उपप्रमुखज्यू समेत सबै नगरसभाका सदस्यज्यूहरू,</u>**

५७. मेरो नेतृत्वमा गठन भएको नीलकण्ठ नगरपालिकाको पहिलो नगरसभाको लगभग अन्त्यतिर हामी आएकाछौं । दोश्रो कार्यकालको लागि चुनावको घोषणा समेत भएको अवस्था छ । यस कार्यकालमा वास्तवमै मेरो सम्पूर्ण ध्यान

नगरपालिकाको विकास निर्माणमा केन्द्रित भयो । जुन कुरा तपाईंहरू सबैलाई विदितै छन् । नेपाल सरकार तथा अन्य निकायहरूले तयार पारेका सूचकहरूमा नीलकण्ठ नगरपालिका पटकपटक प्रथम तथा उत्कृष्ट स्थानमा उभिएकोछ ।

५८. देशैभरमा हाम्रो नगरपालिका उत्कृष्ट स्थानमा छनौट भएपश्चात स्वदेशी तथा विदेशी दातृ निकाय तथा सहयोगी दाता संस्थाहरूले यस नगरपालिकामा लगानी गर्नको लागि उत्सुक भएको अवस्था छ । सो सम्बन्धमा कतिपय संस्थाहरूसँग सम्झौता भई कार्यप्रारम्भ भएकोछ ।

५९. उत्कृष्टताको यो अवस्था सम्पूर्ण नीलकण्ठ नगरवासीहरूको लागि निकै गौरवको कुरा हो । आज नीलकण्ठ नगरपालिकाको जनप्रतिनिधि हुँ भन्दामात्रै पनि अन्य स्थानीय तहहरूले आदर र सत्कारको नजरले हेर्ने अवस्था सिर्जना भएकोछ । यो त्यसै प्राप्त भएको हैन, यो कार्यकालको तपाईंहाम्रो अथक मेहनत र परिश्रमको फल हो ।

६०. यस नगरपालिका क्षेत्रभित्र ठूलो संख्यामा विकास आयोजना तथा कार्यक्रमहरू हाम्रो कार्यकालमा सम्पन्न भएका छन् र त्यतिकै संख्यामा सञ्चालित छन् । यतिधेरै आयोजना तथा कार्यक्रमहरू नेपाल सरकार तथा प्रदेश सरकारको नियमित अनुदान तथा कार्यक्रमबाट मात्रै भएका होइनन् । नेपाल सरकार तथा प्रदेश सरकारको नियमित अनुदानका अलावा अन्य अरबौं रूपौंया बराबरका आयोजना तथा कार्यक्रमहरू हाम्रो यो कार्यकालमा आएकाछन् । यो अवस्था देख्दा कतिपय नागरिकहरूलाई सबै स्थानीय तहहरूमा यस्तै होकी भन्ने लाग्न सक्छ । अवस्था त्यस्तो होइन । वर्षेनी नियमित बजेट बाहेक थप बजेट व्यवस्थापनको लागि नेतृत्ववर्गले अहम् भूमिका खेल्नुपर्ने हुन्छ, जुनकुरा हाम्रो नगरपालिकाको हकमा सम्भव भयो र नगरपालिकाको मुहार फेर्नको लागि हामी सफल भयौं । यी विषयहरू सबै आदरणीय नगरसभाका सदस्यज्यूहरूले बुझिदिनुहुनेछ भन्ने अपेक्षा लिएकोछु ।

६१. नीलकण्ठ नगरपालिकाको यो विरासत आउने पिंढीहरूले बचाई राख्नुपर्ने ठूलो चुनौति तपाईंहाम्रो सामू छ । त्यसको लागि हाम्रो शुभकामना पनि छ । कैयौं ठूला तथा उदाहरणीय परियोजनाहरू सञ्चालित अवस्थामा छन् । तिनीहरूको उद्देश्यपरक निर्माण सम्पन्न गराउनुपर्ने अवस्था छ । यो कार्यकालमा बनेका

योजनाहरुले यथार्थपरक कार्यान्वयनले समृद्ध नीलकण्ठ नगरको स्थापना हुनेमा हामीहरू विश्वस्त हुनैपर्छ र छौं पनि ।

६२. यो कार्यकालमा साथ र सहयोग गर्ने तपाईंहरू सबैमा पुन धन्यवाद व्यक्त गर्दछु । तपाईंहरूको सार्थक सहयोगमा नै यतिका कार्यहरू गर्न हामी सफल भएका छौं । परिस्थिति त्यति अनकूल पनि थिएन । कोभिड महामारीको चंगुलमा विश्वनै फसेको अवस्था थियो । तथापी जेजति हामीले गर्यौं, त्यो आउने पिढींका लागि पक्कै पनि मार्गदर्शक हुने नै छ ।

६३. पाँच वर्षको यो कार्यकालको समयमा मेरो यो निर्वाचित टिमलाई सहयोग गर्ने नीलकण्ठ नगरवासी सबै आदरणीय दाजुभाइ दिदिवहिनीहरूमा यसै नगरसभामार्फत धेरै धेरै धन्यवाद तथा आभार व्यक्त गर्दछ ।

६४. समृद्ध र नमूना नगर निर्माणका लागि विचारमा विविधता भएपनि विकासमा एकताको सन्देश दिन प्रण गरौं भन्ने अनुरोध गर्दै साथ र सहयोगका लागि सवै नगरसभा सदस्यज्यूहरू, कर्मचारी मित्रहरू, शुभेच्छुक, सरकारी निकाय, दातृ निकाय, संघसंस्था तथा संचारकर्मी मित्रहरूलाई हार्दिक आभार प्रकट गर्दछु ।

**जय नेपाल !**